शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति : २०७६।१०।१२ गते ( माननीय मन्त्रीस्तरबाट)

# शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

२०७६

# शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६

**प्रस्तावना :** नेपाल सरकार, मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटालाई शिक्षा ऐन, २०२८ को दफा ११ को उपदफा (५) को खण्ड (च) बमोजिमको दरबन्दी मिलानको कार्य स्थानीय तहगत रुपमा बाँडफाँड गरी दरबन्दी मिलान गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जिम्मेवारी दिने भनी मिति २०७६।०५।०४ मा भएको निर्णयलाई प्रकृयागत रुपमा सरल, सहज र पारदर्शीढंगबाट कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भ :** (१) यस कार्यविधिको नाम : शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **"इकाइ"** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(ग) **"केन्द्र"** भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(घ) **"दरबन्दी"** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी तथा राहत अनुदान समेतलाई जनाउँछ।

(ङ) **"नियमावली"** भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ।

(च) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश सरकार अन्तर्गतको शिक्षा विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(छ) **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्छ।

(ज) **"प्रमुख"** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख सम्झनु पर्छ।

(झ) **"मन्त्रालय"** भनाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ञ) **"विद्यालय"** भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले नगरपालिका तथा गाँउपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका तथा उपमहानगरपालिका समेतलाई जनाउँछ।

## परिच्छेद–२

## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

३. **शिक्षक दरबन्दी मिलान** : शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ :–

(क) नियमावलीले हिमाल, पहाड तथा तराइको लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसूची–१२ मा उल्लेख भएको विद्यालयमा रहनुपर्ने दरबन्दीको आधारमा सम्वत् २०७५ साल फागुन २३ गतेसम्म अनलाईन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क तथा विद्यालयका विद्यार्थी संङ्ख्या र हिमाल, पहाड तथा तराइको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैंतालीस र पचासलाई स्थानीय तहको शिक्षकको मौजुदा अवस्था र आवश्यकता पहिचानको आधारको रुपमा लिने,

(ख) दरबन्दी पुर्नवितरण गर्दा साविकमा रहेका प्राथमिक तह (कक्षा एक देखि पाँचसम्म), निम्न माध्यमिक तह (कक्षा छ देखि आठसम्म), माध्यमिक तह (कक्षा नौ र दश) र उच्च माध्यमिक तह (कक्षा एघार र बाह्र) लाई आधारका रुपमा लिने,

(ग) दरबन्दी पुनर्वितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक (महिला शिक्षा परियोजना समेत), निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको दरबन्दी, राहत अनुदानलाई समेत गणना गर्ने,

(घ) शिक्षक आवश्यकताको पहिचान गर्दा स्थानीय तहमा वित्तीय हस्तानान्तरणको प्रयोजनको लागि जिल्ला शिक्षा समितिले विद्यालयमा बाँडफाँड गरेको दरबन्दीलाई आधारमानेर साविकको जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएको देशभरका दरबन्दी प्राथमिक तर्फका कतिपय स्थानीय तहमा बचत हुन आउने र निम्नमाध्यमिक तथा माध्यमिक तहको प्रायः सबै स्थानीय तहमा दरबन्दी अपुग हुने र आवश्यक संख्यामा दरबन्दी स्वीकृत हुन नसक्दासम्म नपुग हुने दरबन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरबन्दीबाटै पूर्ति गर्ने,

(ङ) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी नियमावली बमोजिम न्युनतम दरबन्दी सुनिश्चित गरी स्थानीय तहगत दरबन्दी मिलान गर्ने,

(च) दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिंदै गुणस्तरीय शिक्षा प्रवद्र्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरबन्दी स्थानीय तहमा, स्थानीय तहमा बढी भएको दरबन्दी जिल्लामा, जिल्लामा बढी रहेको दरबन्दी प्रदेशमा र प्रदेशमा बढी भएको दरबन्दी केन्द्रमा पुलमा राखी शिक्षक दरबन्दी कम भएका विद्यालय, स्थानीय तह र प्रदेशमा मिलान तथा पुनर्वितरणको गर्ने।

(छ) विद्यालयको विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थामा कुनै कारणबाट दरबन्दी रिक्त हुन आएमा दरबन्दी मिलान कार्य सम्पन्न नभए सम्म त्यस्ता विद्यालयले रिक्त पदपूर्ति नगर्ने।

## परिच्छेद–३

## पुलमा रहेको दरबन्दी व्यवस्थापन

४. **पुल दरबन्दी सम्बन्धी व्यवस्था** : दफा ३ बमोजिम हिमाल, पहाड, तराई र उपत्यकामा ऐन तथा नियमावलीमा तोकिएको शिक्षक विद्यार्थी अनुपात र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरबन्दीलाई पुल दरबन्दीको रुपमा राख्नु पर्नेछ।

५. **माथिल्लो तहमा गणना हुने पुल दरबन्दी** : दफा ४ बमोजिमको पुल दरबन्दीलाई सोही विद्यालय तथा स्थानीय तहको निम्नमाध्यमिक, माध्यमिक (कक्षा एघार र बाह्र समेत) तहमा शिक्षक दरबन्दी अपुग भएको अवस्थमा त्यसरी बाँकी भएको पुल दरबन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दी समेतलाई गणना गर्नु पर्नेछ।

६. **खुद पुल दरबन्दी सम्बन्धी व्यवस्था** : स्थानीय तहको दफा ४ बमोजिम कायम भएको पुल दरबन्दीमा माथिल्लो तहको अध्यापन हुने विद्यालयहरुमा शिक्षक नपुग भएमा दफा ५ बमोजिम माथिल्लो तहमा गणना हुने पुल दरबन्दी कट्टा गरी बचत हुन आउने दरबन्दीलाई खुद पुल दरबन्दी मानिनेछ र यस्तो दरबन्दी जिल्लाको पुल दरबन्दीमा रहनेछ।

७. **खुद पुल दरबन्दी अन्यत्र पठाउने** : (१) स्थानीय तहले आफ्नो तहको लागि यकीन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्को विद्यालयमा मिलान गर्नुपर्नेछ। त्यसरी मिलान गर्दा अपाङ्गता भएका र महिला शिक्षकलाई सम्भव भएसम्म पायक पर्ने गरी मिलान गर्नु पर्नेछ।

(२) जिल्लामा पुलमा रहने यकीन भएका खुद पुल दरबन्दी स्थानीय तहसँगको समन्वयमा जिल्लाभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा इकाइले स्थानान्तरण गर्नेछ। यसरी दरबन्दी पुनर्वितरण गर्दा ज्यादै आवश्यकता देखिएको स्थानीय तहको प्राथमिकताक्रमको आधारमा अनुपातिक रुपमा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वितरण गरी बाँकी भएका दरबन्दी एउटा प्रदेशभित्रको अर्को जिल्लामा वितरण गर्दा तत् तत् जिल्लाको इकाइसँगको समन्वयमा प्रदेश मन्त्रालयले गर्नेछ। यसरी दरबन्दी वितरण गर्दा निश्चित सूचकहरु तयार गरी आवश्यकताका आधारमा पुनर्वितरण गर्नु पर्नेछ।

(४) अन्तर प्रदेश दरबन्दी वितरण गर्नु पर्ने भएमा केन्द्रले आवश्यकताका आधारमा गर्नेछ।

## परिच्छेद–४

## शिक्षक व्यवस्थापन

८. **शिक्षक व्यवस्थापनका आधारहरु** : दफा ७ बमोजिम खुद पुलमा रहेको दरबन्दी सम्बन्धित निकायले पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापन गर्नु पर्नेछ :–

(क) खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने,

(ख) राहत अनुदान स्थानान्तरण गर्दा पनि खुद पुल दरबन्दी बाँकी भएमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने,

(ग) खुद पुल दरबन्दी पुनर्वितरण गरेको वा गरिने स्थानीय तहमा स्वेच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आव्हान गरी प्राप्त निवेदनको छानविन गरी उपयुक्तता समेत हेरी स्थानान्तरण गर्ने,

तर यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला शिक्षकलाई यथाशक्य घरपायक पर्ने गरी स्थानान्तरण गर्ने।

(घ) खण्ड (ग) बमोजिम निवेदन दिने शिक्षकको संख्या धेरै हुन आएमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकी दरबन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(ङ) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(च) राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने,

(छ) जिल्लान्तर सरुवा भई आएका शिक्षकको हकमा नेपालको संविधान जारी भएको मिति सम्वत २०७२ साल असोज ३ गतेसम्मको कनिष्ठताको प्राथमिकताव्रmम तयार गरी निजहरुको स्थानान्तरण गर्ने,

(ज) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम शिक्षक स्थानान्तरण गर्दा खुद पुल दरबन्दी वितरण गर्न बाँकी रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको व्रmम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने,

(झ) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति, पत्नी एकै स्थानीय तहमा पर्ने गरी मिलान गर्न प्राथमिकता दिने।

## परिच्छेद–५

## दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा विभिन्न निकायहरुको भूमिका

९. **मन्त्रालयको भूमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) शिक्षक दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यको सहजीकरण गर्ने,

(ख) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मन्त्रालय, केन्द्र, इकाइ तथा स्थानीय तह बीच आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ग) दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि आवश्यक थप आधारहरु तयार गरी कार्यान्वयन गर्ने,

(घ) केन्द्र र इकाइलाई आवश्यकता अनुसार निर्देशन दिने ।

१०. **प्रदेश मन्त्रालयको भूमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा प्रदेश मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) प्रदेशभित्रका स्थानीय तहको दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि आवश्यक सहजीकरण गर्ने वा गर्न लगाउने,

(ख) प्रदेशभित्रको अन्तर जिल्ला दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको काम गर्ने,

(ग) दरबन्दी पुनर्वितरण गर्दा दरबन्दी सहित अर्को जिल्ला जान चाहने शिक्षकको निवेदन आव्हान गर्ने र यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम शिक्षकको स्थानान्तरण गर्ने,

(घ) स्थानीय तहको दरबन्दी मिलान सम्बन्धी गुनासोको सम्बन्धित इकाइको समन्वयमा सम्बोधनको लागि सहजीकरण गर्ने,

(ङ) दरबन्दी मिलान र शिक्षक व्यवस्थापन गर्दा आवश्यकताका आधारमा यस कार्यविधिको प्रतिकूल नहुने गरी थप आधार तयार गरी कार्यान्वयन गर्ने ।

११. **केन्द्रको भूमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा केन्द्रको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि मातहतका निकायसँग आपसी समन्वय र सहकार्य गर्ने,

(ख) शिक्षक दरबन्दी मिलान तथा पुलमा रहने शिक्षक दरवन्दीको सूची प्रकाशन गर्ने,

(ग) दरबन्दी मिलानको लागि प्रकासित सूचीका सम्बन्धमा स्थानीय तहबाट प्राप्त गुनासोको सम्बोधन गर्ने,

(घ) केन्द्रले दरबन्दी मिलान तथा शिक्षक स्थानान्तरण गर्नु पर्ने भएमा आवश्यकता र औचित्यको े आधारमा अन्तर प्रदेश व्यवस्थापन गर्ने,

(ङ) दरबन्दी मिलान तथा पुल दरबन्दी व्यवस्थापनको लागि इकाइलाई निर्देशन दिने र समय समयमा प्रगति विवरण माग गर्ने,

(च) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि प्रदेश मन्त्रालय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(छ) इकाइले दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि गरेका कार्यहरुको अनुगमन गर्ने ।

१२. **स्थानीय तहको भूमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) मन्त्रालय तथा प्रदेश मन्त्रालयले गरेको दरबन्दी मिलानको काममा सहयोग र सहजीकरण गर्ने,

(ख) स्थानीय तहभित्र रहेका शिक्षक दरबन्दीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा तथा अन्य तहमा विषयगत आधारमा पुनर्वितरण गर्ने,

(ग) केन्द्रबाट वितरित दरबन्दी नपुग भएमा पछि अर्को व्यवस्था भएमा सोही अनुसार हुने गरी हाललाई आफ्नै स्रोतबाट शिक्षकको व्यवस्था मिलाउने,

(घ) इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउने,

(ङ) स्थानान्तरण गरिएको शिक्षकलाई यथाशाक्य छिटो रमाना दिई पठाउने तथा रमाना लिइ आउने शिक्षकलाई तोकिएको विद्यालयमा हाजिरीको लागि सहजीकरण गर्ने,

(च) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि इकाइ, स्थानीय तह तथा प्रदेश बीच आपसी सहयोग र समन्वय गर्ने,

(छ) केन्द्र, प्रदेश तथा इकाइले दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि अनुरोध गरी आएका विषयवस्तुहरुमा सहयोग तथा सहजीकरण गर्ने ।

१३. **इकाइको भूमिका** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा इकाइको भूमिका देहाय बमोजिम हुनेछ :–

(क) केन्द्रले प्रकासित गरेको सूचीको आधारमा आफ्नो जिल्लाभित्र रहेका स्थानीय तहहरुको दरबन्दी तथा खुद पुल दरबन्दीको सूची यकीन गर्ने,

(ख) स्थानीय तहहरुसँग समन्वय गरी तत् तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेख सँग भिडाइ एकिन गर्ने,

(ग) खुद पुल दरबन्दी स्थानीय तहहरु सँगको समन्वयमा सोही जिल्लाको बढी आवश्यक देखिएका अन्य स्थानीय तहमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने,

(घ) जिल्लास्थित शिक्षक महासंघ तथा शिक्षकका पेशागत संघसंगठनहरुसँग बैठक गरी कार्यविधीमा तोकिएको आधारहरुबारे छलफल तथा जानकारी गराउने,

(ङ) शिक्षक स्थानान्तरण गर्दा निवेदन आव्हान गरी स्वेच्छिक स्थानान्तरणको व्यवस्था मिलाउने र सम्भव भएसम्म महिला शिक्षकलाई घरपायक पर्ने व्यवस्था मिलाउने,

(च) दरबन्दी मिलान र शिक्षक व्यवस्थापन गर्दा स्थानीय तह सँगको सहयोग र समन्वयमा गर्ने,

(छ) दरबन्दी मिलान र शिक्षक व्यवस्थापन गर्दा आवश्यकता अनुसार यस कार्यविधिको प्रतिकुल नहुने गरी थप आधार तयार गरी कार्यान्वयन गर्ने,

(ज) केन्द्रले दिएको निर्देशन बमोजिमको अन्य कार्य गर्ने।

## परिच्छेद–६

## विविध

१४. **दरबन्दी पुनर्वितरण गर्ने समयावधि** : (१) केन्द्रले यस कार्यविधिको परिच्छेद २ अनुसारको आधारमा मुलुकभरका शिक्षक दरबन्दी वितरणको अवस्था र खुद पुलमा रहेको तथा नपुग दरबन्दी समेत तहगत रुपमा किटान गरी केन्द्रको वेवसाइट तथा सञ्चार माध्यमको प्रयोग गरी प्रकाशन गर्नुपर्नेछ ।

(२) इकाइल सम्वत् २०७६ साल फागुन मसान्तभित्र आफ्नो जिल्लाभित्र पुलमा रहेका दरबन्दी यसै कार्यविधि अनुसार प्राथमिकता तोकी वितरण गरिसक्नु पर्नेछ।

(३) एकै प्रदेशभित्रको एक जिल्लाबाट अर्को जिल्लामा दरबन्दी वितरणको लागि जिल्लाबाट अनुरोध भई आएमा प्रदेश मन्त्रालयले यसरी खुद पुलमा रहेको दरबन्दी बढी आवश्यक भएका जिल्लालाई प्राथमितामा राखी आफैले तयार गरेको सूचकको आधारमा वितरण गर्नु पर्नेछ त्यस्तो कार्य जिल्लाबाट अनुरोध भई आएको एक महिनाभित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(४) अन्तर प्रदेश दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्न सम्बन्धित प्रदेशबाट माग भई आएमा केन्द्रले यसै कार्यविधिको प्रतिकूल नहुने गरी माग भएको एक महिनाभित्र शिक्षक स्थानान्तरण गरिसक्नु पर्ने।

(५) दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि गर्नु पर्ने काम, समय सीमा तथा जिम्मेवार निकाय, अनुगमन सूचक केन्द्रले तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

१५. **शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने** : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

१६. **विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने** : दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ ।

१७. **प्रधानाध्यापक जिम्मेवार हुने** : यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

१८. **सहयोग लिन सक्ने** : इकाइले जिल्ला तहमा दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापन गर्दा आइपर्ने समस्या समाधानका लागि जिल्ला समन्वय समितिको सहयोग लिन सक्नेछ ।

१९. **समन्वय र सहजीकरण गर्ने** : दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था भएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ ।

२०. **आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्था** : (१) जनसाख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुनगई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा यस्तो कार्य देशभर गर्नुपर्ने भएमा मन्त्रालय वा मन्त्रालयले तोके बमोजिम केन्द्रले र यस्तो कार्य प्रदेश भित्र मात्र गर्नु पर्ने भएमा सम्बन्धित प्रदेश मन्त्रालयले आवधिक रुपमा गर्ने तथा कुनै खास स्थानीय तहले आफ्नो क्षेत्रभित्र आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्नेछ । यो कार्य नयाँ शैक्षिक शत्र शुरु हुनु अगावै सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा यस कार्यविधिमा उल्लेख भएको आधार र तरिका बमोजिम गर्नु पर्नेछ ।

(३) दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा शिक्षक स्थानान्तरण गर्नु पर्ने अवस्था भएमा शैक्षिक शत्र शुरु हुनुभन्दा एक महिना अगावै पुनर्वितरणको कार्य सम्पन्न गरी नयाँ शैक्षिक शत्र शुरु हुदाँको बखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनु पर्नेछ ।

२१. **समन्वय तथा सहयोग गर्नु पर्ने** : नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेशागत संघसंगठनहरुले शिक्षक दरवन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको लागि स्थानीय तह, इकाइ, प्रदेश र केन्द्रले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ ।

२२. **बाझिएमा अमान्य हुने** : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।